# गण्डकी गाउँपालिका शिक्षा युवा तथा खेलकुद विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

गाउँ कार्यपालिकावाट स्वीकृत मिति २०७८/०८/१२

प्रमाणिकरण मिति २०७८/०८/१४

**गण्डकी गाउँपालिका**

**गोरखा**

**गण्डकी प्रदेश, नेपाल**

गण्डकी गाउँ कार्यपालिकावाट मिति २०७८ मंसिर १२ गते स्वीकृत भएको उपर्युक्त अनुसारको गण्डकी गाउँपालिका शिक्षा युवा तथा खेलकुद विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणीकरण गर्दछु।

०७८।८।१४

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०७८/०८/१४

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

# गण्डकी गाउँपालिका शिक्षा युवा तथा खेलकुद विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

प्रमाणिकरण मिति: २०७८।०८।१४

स्थानीय तहबाट आ.व. २०७८।७९ मा कार्यान्वयन हुने कार्यक्रमहरु

| क.स. | क्रियाकलापहरु | बजेट |
|---|---|---|
| १ | बाल सहजकर्ता तलब | २१०००० |
| २ | कक्षा आठको परीक्षा व्यवस्थापन | ३५०००० |
| ३ | नयाँ पाठ्यक्रम प्रवोधिकरण | २००००० |
| ४ | प्रश्नपत्र निर्माण कार्यशाला | ३००००० |
| ५ | लेखा तालिम | ४००००० |
| ६ | विद्यालयमा आधारशिला निर्माण कार्यशाला एवं तथ्याङ्क संकलन | २००००० |
| ७ | विभिन्न दिवसका कार्यक्रम | ५०००० |
| ८ | राष्ट्रपति रनिङ शिल्ड | ५००००० |
| ९ | विद्यालय सुपरिवेक्षण यतायत भ्रमण | १५०००० |
| १० | समिक्षा, योजना, र शिक्षा सम्बन्धि विभिन्न बैठकहरु | ६४०००० |
| | जम्मा | ३०००००० |

२०७८।०८।१४
जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

## क. बालसहजकर्ता तलब

गाउँपालिका अन्तर्गतका ४५ बालसहजकर्ता, ४५ कार्यालय सहयोगी र ९ विद्यालय कर्मचारीहरुको मध्ये ९५ बालसहजकर्ताको मासिक रु ७००० र ४ जना बालसहजकर्ताहरुको मासिक रु १५००० का दरले जम्मा १३ महिनाको तलब भुक्तानी गर्नुपर्नेमा गाउँपालिकातर्फबाट विनियोजन भएको रु ८८००००० मा नपुग रकम थप गर्ने गरी ।

## ख. कक्षा ८ को परीक्षा व्यवस्थापन

**उद्देश्यः**

- आधारभूत तहको परीक्षाको योजना बनाउने, प्रश्न पत्र निर्माण गर्ने, मोडरेट गर्ने उत्तरपुस्तिका उपलब्ध गराउने, परीक्षा संचालन गर्ने, उत्तरपुस्तिका परीक्षण सम्परीक्षण गर्ने,
- आधारभूत तहको ग्रेड सिट तयार गरी विद्यालयलाई उपलब्ध गराउने,
- विद्यालयलाई परीक्षा व्यवस्थापनका लागि खर्च उपलब्ध गराउने,
- परीक्षाको नियमित अनुगमन गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

परीक्षाको खर्च मापदण्ड र सेवा सुविधा आधारभूत शिक्षा परीक्षा संचालन, अनुगमन तथा व्यवस्थापन कार्यविधि २०७४ र गण्डकी प्रदेश खर्च मापदण्ड २०७५ बमोजिम हुनेछ। गाउँपालिका शिक्षा शाखाले परीक्षाका सबै काम सम्पन्न गरी बिल, भरपाई र आवश्यक कागजात तयार गरी वैशाख मसान्तभित्र भुक्तानी लिनुपर्नेछ ।

## ग. नयाँ पाठ्यक्रम प्रवोधिकरण



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

उद्देश्य:

- यस शैक्षिक वर्षबाट कार्यान्वयनमा आएको नयाँ पाठ्यक्रमका बारेमा सरोकारवालालाई जानकारी प्रदान गर्न,
- बाल मनोविज्ञानका बारेमा ज्ञान दिन,
- बाल केन्द्रित शिक्षण विधिको प्रवोधिकरण,
- प्रत्येक विद्यालयलाई कक्षा ६ को नयाँ पाठ्यक्रमको योजनामा सक्षम बनाउन,
- पाठयक्रमका विभिन्न पक्षका बारेमा जानकारी दिन,
- विभिन्न विषयका पाठ्यक्रमबिचको सम्बन्धलाई शिक्षणमा प्रयोग गर्न,

**कार्यान्वयन प्रक्रिया**

यस तालिम पूर्व शिक्षा शाखाले विद्यालयलाई सूचना दिई सहभागीहरुको सूची तयार गर्ने। पायक पर्ने विद्यालयमा तालिम संचालन गर्ने ।

- कक्षा ६ संचालित विद्यालयहरुबाट प्रति विद्यालय २ जना सहभागी गराउने, त्यसमा सम्भव भएसम्म प्रति विद्यालय एक महिला र एक पुरूष सहभागी गराउने,
- प्रशिक्षकलाइ भ्रमण भत्ता उपलब्ध गराइनेछ,
- अन्य खर्च गण्डकी प्रदेश खर्चको मापदण्ड २०७५ बमोजिम हुनेछ ।

**घ. प्रश्नपत्र निर्माण कार्यशाला आयोजना(सबै तह)**

उद्देश्य:

- गाउँपालिकाका सबै परीक्षालाई स्तरीकृत बनाउने,
- शिक्षकहरुलाई स्तरीकृत प्रश्नपत्र निर्माण गर्न प्रशिक्षण गर्ने
- प्रश्नपत्र निर्माणका आधारभूत पक्षसँग जानकार गराउने
- विशिष्टीकरण तालिकाका बारेमा आधाभूत जानकारी दिने
- विद्यार्थी मूल्यांकनका विविध पक्षको प्रशिक्षण दिने
- विषयगत स्तरीकृत प्रश्नपत्र निर्माण गर्ने



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

* गाउँपालिकामा स्तरीकृत परीक्षाका प्रशिक्षक तयार गर्ने
* प्रश्न निर्माणका परियोजना कार्य र प्रयोगात्मक कार्य गराउने
* गाउँपालिका स्तरीय र आधारभूत परीक्षाका लागि प्रश्नपत्र तयार गर्ने

**कार्यान्वयन प्रक्रिया**

गाउँपालिकाका सामुदायिक विद्यालयबाट विषय अनुसारका शिक्षक छनौट गर्ने, शिक्षक छनौट गर्दा विषयगत योग्यता, अनुभव र क्षमता समेतलाई प्राथमिकता दिने, प्रत्येक प्रशिक्षण कार्यक्रमको माइनुटिङ र हाजिर गर्ने,

* प्रशिक्षकलाई तालिम अवधिभरको भ्रमण भत्ता उपलब्ध गराउने,
* कार्यक्रमको अनुगमन गाउँपालिकाले गर्नेछ ।

अन्य खर्च गण्डकी प्रदेश खर्च मापदण्ड २०७५ बमोजिम हुनेछ ।

**ङ. लेखा तालिम**

**उद्देश्यः**

* आधारभूत तहका प्रधानाध्यापक र माध्यमिक तहका प्रधानाध्यापक, लेखा कर्मचारीलाई विद्यालयको लेखाका बारेमा प्रशिक्षण दिने,
* सहभागीलाई लेखासहित सूचना प्रविधिको बारेमा आधारभूत जानकारी दिने,
* सार्वजनिक खरिद ऐन र नियामावलीका बारेमा जानकारी दिने,
* विद्यालय लेखांकन निर्देशिका बारेमा जानकारी दिने,
* लेखा सम्बन्धी विभिन्न फारम भर्न सहजीकरण गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

यस तालिम पूर्व शिक्षा शाखाले विद्यालयलाई सूचना दिनेछ र सहभागीहरुको सूची तयार गर्नेछ । कार्यक्रम संघीय सरकारले संचालन गर्ने विद्यालय लेखा तालिम पाठ्यक्रम अनुसार संचालन हुनेछ।



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- प्रत्येक प्रशिक्षण कार्यक्रमको माइन्युटिङ र हाजिर गर्ने,
- प्रशिक्षकलाई तालिम अवधिभरको दैनिक भ्रमण भत्ता उपलब्ध गराउने,
- खाजा खाना र अन्य खर्च गण्डकी प्रदेश खर्च मापदण्ड २०७५ बमोजिम हुनेछ ।

**च. समीक्षा र योजना प्र.अ. बैठक, मनोपरामर्श, स्थानीय शिक्षा समिति बैठक,स्थानीय परीक्षा समिति बैठक**

**१. समीक्षा र योजना प्र.अ. बैठक**

**उद्देश्यः**

- विद्यालयगत प्रगति विवरण तयार गर्न एवं सोको अघि कार्यान्वयन कार्यक्रमको समीक्षा गर्न,
- विभिन्न विद्यालयगत आर्थिक, भौतिक एवं शैक्षिक विवरण संकलन गर्न,
- शसर्तका निकासाको विश्लेषण एवं मार्गदर्शन प्रदान गर्न,
- शसर्त कार्यक्रम कार्यान्वयनको जानकारी एवं योजना निर्माण,
- जवाफदेहिता र जिम्मेवारीमा थप हौसला प्रदान र क्षमता विकास गर्न,
- शिक्षा शाखाका विभिन्न जानकारी, निर्देशन, गतिविधि एवं सूचना सम्प्रेषण गर्न,
- प्रधानाध्यापकका तर्फबाट आएका विभिन्न प्राविधिक एवं प्रशासनिक समस्याहरुको सम्बोधन गर्न ।

**कार्यान्वयन प्रक्रिया**

गाउँपालिका शिक्षा शाखाको योजनामा आवश्यकता अनुसार गाउँपालिकाको सभाहलमा बैठक संचालन हुनेछ,

- खर्च गण्डकी प्रदेश खर्च मापदण्ड २०७५ बमोजिम हुनेछ ।

**स्थानीय शिक्षा समिति बैठक**

**उद्देश्यः**

- गाउँपालिकाका विभिन्न शैक्षिक योजना र कार्यक्रम माथि छलफल,



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- वार्षिक रुपमा शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजन गर्ने,
- सुपरिवेक्षण र अनुगमनका योजना बनाउने,
- विद्यालयगत गतिविधि एवं तथ्याङ्क विश्लेषण गर्न,
- शिक्षा सम्बन्धी विभिन्न निर्णय लिने एवं कार्यान्वयन गर्ने,
- विद्यालयको विभिन्न शैक्षिक नतिजा विश्लेषण गर्ने,
- विद्यालयका सामाजिक परीक्षण र लेखा परीक्षणको विश्लेषण गर्ने,
- वैकल्पिक शिक्षाको योजना बनाउने,
- शिक्षा शाखालाई आवश्यक निर्देशन दिने ।

**कार्यान्वयन प्रक्रिया**

○ गाउँ शिक्षा समितिको बैठक आवश्यकता अनुसार गाउँपालिकाको सभाहलमा आयोजना गर्ने,

○ प्रत्येक बैठकको माइनुटिङ गर्ने,

○ अन्य खर्च गण्डकी प्रदेश खर्च मापदण्ड २०७५ बमोजिम हुनेछ ।

**स्थानीय परीक्षा समिति बैठक**

**उद्देश्यः**

- परीक्षा केन्द्र निर्धारण गर्ने,
- स्वच्छ, मर्यादित, भयरहित वातावरणमा व्यवस्थित ढंगले परीक्षा सञ्चालन गर्ने,
- उपसमिति वा कार्यदल गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने,
- उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षण सम्बन्धी कार्य गर्ने, गराउने,
- परीक्षाफल प्रकाशन गर्ने, परीक्षार्थीहरुलाई प्रगति विवरण वा प्रमाणपत्र वा ग्रेडसीट उपलब्ध गराउने,
- परीक्षा सम्बन्धी विभिन्न कार्यमा संलग्न शिक्षक कर्मचारीहरुका लागि पारिश्रमिक तोक्ने,
- परीक्षा सञ्चालनको लागि केन्द्राध्यक्ष नियुक्त गर्ने ।



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भंग्लिचोक, गोरखा
गण्डकी प्रदेश, नेपाल
२०७३

### कार्यान्वयन प्रक्रिया

स्थानीय परीक्षा समितिको बैठक परीक्षा सञ्चालन योजना, प्रश्नपत्र निमाण, मोडरेट र नतिजा प्रकाशन छलफल गर्ने गरी गाउँपालिका वा शिक्षा शाखाले तोकेको विद्यालयमा आयोजना गर्ने,

- प्रत्येक बैठकको माइनुटिङ गर्ने,
- खर्च गण्डकी प्रदेश खर्च मापदण्ड २०७५ बमोजिम हुनेछ ।

## छ. विभिन्न दिवसका र कार्यक्रम खर्च

**उद्देश्यः**

- शिक्षा शाखाले आयोजना गर्ने कार्यक्रममा विद्यालयगत बालबालिकाको सहभागिता ।
- शिक्षासँग सम्बन्धित विभिन्न दिवसका बारेमा प्रकाश पार्ने ।
- कार्यान्वयन प्रक्रिया
- यस तालिम पूर्व शिक्षा शाखाले विद्यालयलाई सूचना दिई सहभागीहरुको सूची तयार गर्ने ।

**कार्यान्वयन प्रक्रिया**

- कार्यक्रम व्यवस्थापन खर्च तोकिए अनुसार हुने,
- पुरस्कार प्रथम रु १२००० वा सो बराबरको, दोस्रोलाइ ८००० वा सो बराबरको, तृतीय ५००० वा सो बराबर
- अन्य खर्च गण्डकी प्रदेश खर्च मापदण्ड २०७५ बमोजिम हुनेछ ।

## ज. विद्यालय सुपरिवेक्षण, यातायात, भ्रमण

**उद्देश्यः**

- शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने गराउने,



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

- स्वीकृत कार्य योजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरिवेक्षण गर्ने,
- शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक,प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको समय समयमा बैठक, गोष्ठी वा तालिमको संचालन गर्ने,
- ऐन तथा यस नियमावली बमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने,
- विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नु पर्ने नपर्ने सम्बन्धमा निरीक्षण गरी विद्यालयको स्तर बढाउनु,
- नियुक्ति वा बढुवाको लागि आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा नियुक्ति गर्ने,
- सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने,
- विद्यालय र प्रारम्भिक बाल शिक्षा केन्द्रको निरीक्षण गर्ने, गराउने,
- गाउँपालिका वाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने .
- विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने, गराउने,
- विद्यालयमा लागु गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री सम्बन्धमा सुधार गर्नुपर्ने र निःशुल्क पाठ्यपुस्तकको वितरण प्रणालीलाई प्रभावकारी बनाउने विषयमा व्यवस्थापन समिति तथा शिक्षकको राय लिई सुझाव पठाउने तथा सो सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने,
- लेखा परीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र वेरुजु फसर्छौट गर्न लगाउने ।

७८।८।१४

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

कार्यान्वयन प्रक्रिया

प्रत्येक महिना विद्यालय सुपरिवेक्षण गरिने र नमुना कक्षा संचालन गरिनेछ। विद्यालय सुपरिक्षणको नियमानुसार दैनिक भम्रण भत्ता दिइनेछ । अन्य खर्च गण्डकी प्रदेश खर्च मापदण्ड २०७५ बमोजिम हुनेछ ।

## झ. विद्यालयमा आधारशीला निर्माण कार्यशाला एवं तथ्याङ्क संकलन

उद्देश्य

- तथ्यपरक तथ्याङ्क संकलन गर्ने,
- तथ्याङ्कीय आधारशीला निर्माण गर्ने,
- विद्यालयलाइ तथ्याङ्क व्यवस्थापनका आधारभूत पक्षका बारेमा जानकारी दिने,
- गाउँपालिका स्तरीय शैक्षिक तथ्याङ्कको विविध तथ्याङ्क भण्डारण गरी राख्ने व्यवस्था मिलाउने ।

कार्यान्वयन प्रक्रिया

- विद्यालयका विविध पक्ष समेटिएको फारम विकास गर्ने,
- तथ्याङ्क विज्ञको उपस्थितिमा प्रधानाध्यापकहरुको बैठक आयोजना गरी तथ्याङ्क फारम वितरण गर्ने,
- विद्यालयमा तथ्याङ्क भर्न एउटा समिति निर्माण गर्ने,
- फारम भरिसकेपछी पुन बैठक आयोजना गरी तथ्याङ्कको तथ्याङ्क शास्त्रीय विश्लेषण गर्ने र विद्यालयको आधारशीला निमार्ण गर्ने
- तथ्याङ्क भण्डारण गरी सुरक्षित सँग राख्ने ।

तथ्याङ्क विज्ञलाइ आतेजाते भ्रमण भत्ता उपलब्ध गराउने र कार्यक्रमका विभिन्न खर्च गण्डकी प्रदेश खर्च मापदण्ड २०७५ बमोजिम गर्ने



जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

ञ. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

राष्ट्रपति रनिङ शिल्ड आयोजना तथा व्यवस्थापन र निर्देशनका लागि देहाय बमोजिम एक समिति रहनेछ ।

१। गाउँपालिका अध्यक्ष - संयोजक

२। गाउँपालिका उपाध्यक्ष - सदस्य

३। प्रमुख प्रशासकीय अधिकृत - सदस्य

४। सामाजिक विकास समिति संयोजक - सदस्य

५। प्रतियोगिता संचालन हुने वडाको वडा अध्यक्ष - सदस्य

६। जिल्ला प्रशासनको प्रतिनिधि - सदस्य

७। जिल्ला स्थित नेपाली सेनाले तोकेको प्रतिनिधि- सदस्य

८। जिल्ला स्थित नेपाल प्रहरीले तोकेको प्रतिनिधि- सदस्य

९। जिल्ला स्थित सशस्त्र प्रहरीले तोकेको प्रतिनिधि- सदस्य

१०। प्रतियोगिता संचालन हुने विद्यालयको प्रधानाध्यापक - सदस्य

११। शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

खेलकुद सम्बन्धी अन्य प्रक्रिया गण्डकी गाउँपालिकाको गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन कार्यविधि बनाइ लागू गरीनेछ ।

गण्डकी गाउँ कार्यपालिकाबाट मिति २०७८ मंसिर १२ गते स्वीकृत भएको उपर्युक्त अनुसारको गण्डकी गाउँपालिका शिक्षा युवा तथा खेलकुद विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणीकरण गर्दछु ।

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०७८/०८/१४

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत